जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक ०९९ | २०८२ साल मंसिर ०८ गते सोमवार | Monday-24-November-2025 | पृष्ठ संख्या-४ | मूल्य रू.५/-

## बारा-पर्सामा हैजा नियन्त्रण : ९० प्रतिशतले लगाए खोप

***बारा, ०७ मँसिर***

बारा र पर्सा जिल्लामा फैलिएको हैजाको जोखिमलाई नियन्त्रण गर्न स्वास्थ्य सेवा विभागले सञ्चालन गरेको खोप अभियान अत्यन्त सफल भएको छ। दुवै जिल्लाका करिब ९० प्रतिशत मानिसले हैजाविरुद्धको खोप लगाएका छन् ।

स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखाका प्रमुख डा. अभियान गौतमका अनुसार बारा जिल्लामा ८८.२५ प्रतिशत र पर्सामा ९० प्रतिशत जनसंख्या खोपको पहुँचमा आएको छ । बारामा ३ लाख २२ हजार ९२६ र पर्सामा ५ लाख ८९ हजार ३५४ व्यक्तिले खोप लगाएका छन् । डा. गौतमका अनुसार हैजाको महामारी नियन्त्रण गर्ने उद्देश्यले सञ्चालन गरिएको खोप अभियान दुई चरणमा सम्पन्न भएको थियो । पहिलो चरण असोज २६ देखि कात्तिक २ र दोस्रो चरण कात्तिक १३ देखि २७ सम्म सञ्चालन गरिएको थियो। दुवै चरणमा एक वर्षमाथिका सबै व्यक्तिहरूलाई खोप लगाइयो ।




उनका अनुसार यसपटकको खोप अभियानले अहिलेसम्मकै सबैभन्दा उच्च कभरेज हासिल गरेको छ । अघिल्ला वर्षमा ७०-८० प्रतिशत मात्र खोप लगाउने गरेकोमा, यसपटक घर-घर पुगेको टोलीको प्रयासले कभरेज करिब ९० प्रतिशतमा पुगेको हो ।

भदौ महिनामा बारा र पर्सामा हैजाको प्रकोप देखिएपछि विभागले बाराका ६ र पर्साका १४ पालिकामा खोप अभियान सञ्चालन गरेको थियो। यस सफलताले दुवै जिल्लामा हैजा नियन्त्रणमा महत्वपूर्ण योगदान दिएको स्वास्थ्य अधिकारीहरूको भनाइ छ।

## बारामा थ्रेसरको बढ्दो प्रयोग : आधा घण्टामै धान भित्र्याउने सहजता

***शु.आ. सम्बाददाता***
***बारा, ०७ मँसिर***

धान भित्र्याउने समयमा परम्परागत तरिकाले ठूलो संख्यामा कामदार आवश्यक पर्ने गरेकोमा पछिल्ला वर्षहरूमा प्रविधिको प्रयोगले किसानहरूको बोझ उल्लेख्य रूपमा घटाएको छ। विशेषगरी धान उत्पादन हुने ठूला फाँटमा भित्र्याउने प्रक्रिया कठिन र समय-खपत हुने गरे पनि, थ्रेसरको व्यापक प्रयोगपछि काम धेरै सहज बनेको किसानहरूको अनुभव छ। बारा जिल्लाका किसानहरू अहिले धान भित्र्याउन थ्रेसर (धान झटार्ने मेसिन) लाई प्राथमिकताका साथ प्रयोग गर्न थालेका छन् । त्यसले श्रमिक अभाव, समय खर्च, र आर्थिक लागत तीनै समस्यामा समाधान ल्याइदिएको स्थानीयहरूको भनाइ छ।




देवताल-१ फूलवरियामा धान खेती गर्दै आएका किसान रुपन यादव प्रविधिको प्रयोगबाट सर्वाधिक लाभ उठाउने किसानमध्ये एक हुन् । उनले १० कट्ठामा उत्पादन भएको २५ क्विन्टल धान थ्रेसरको सहायताले केवल ३० मिनेटमै भित्र्याउन सफल भएका छन् । "यही धान झाट्न पहिलेदेखि २०-२५ जना कामदार दिनभर खटिनुपर्ने अवस्था थियो," यादवले बताए, "अब त निकै सजिलो भएको छ, थ्रेसरबाट आधा घण्टामै सबै धान झाट्न सकिन्छ ।" उनका अनुसार धान रोपाइँ भने अहिले पनि परम्परागत शैलीमै भइरहेको छ । रोपाइँमा अझै मानव श्रमको आवश्यकता उच्च रहेको र त्यहाँ नयाँ प्रविधिको विकास तथा प्रसार आवश्यक रहेको उनले सुझाव दिए।

कृषि कार्यालयका अनुसार थ्रेसरको प्रयोग बढेपछि बारामा धान भित्र्याउने गति तीव्र भएको छ । यसले धान क्षतिको जोखिम घटाएको, श्रमिक खर्च बचत गरेको र समयमै धान सुरक्षित राख्न सहज बनाएको अधिकारीहरूको भनाइ छ । किसानहरू भन्छन्– "प्रविधिको प्रयोगले खेतीपातीमा नयाँ आशा जागेको छ ।"

## जितपुर ट्राफिक कार्यालयमा सेवा असन्तुष्टि

***बारा, ०७ मंसिर***

जितपुरमा रहेको ट्राफिक प्रहरी कार्यालयप्रति स्थानीयवासी र सेवाग्राहीहरूले असन्तुष्टि व्यक्त गरेका छन् । विशेषगरी चिट काट्ने प्रक्रिया र बैंकमा राजस्व बुझाएपछि कागजात लिन अनावश्यक दौडधुप गर्नुपर्ने समस्या उठाइएको छ। सेवाग्राहीहरूका अनुसार, ट्राफिक प्रहरीले सडकमै चिट काटे पनि बैंकमा राजस्व बुझाएपछि कार्यालय पुग्दा प्रायः ट्राफिक प्रहरी उपस्थित हुँदैनन् । सेवाग्राही समु असारीले भने, "कामको हतारमा चिट काटिदिन्छन्, हामी अफिस जानुपर्छ। तर कार्यालयमा जाँदा ट्राफिक नै हुँदैनन् ।" चिट काटिसकेपछि राजस्व बुझाई कागजात लिन आउने नागरिकहरूले कार्यालयमा प्रहरी नपाएपछि घण्टौँ पर्खिनुपरेको छ। सेवाग्राहीहरूले बताए, "सडकमा ट्राफिक सजिलै भेटिन्छ, तर कार्यालयमा कागजात लिन जाँदा कोही हुँदैन । दिनभर काम छ, अनावश्यक समय खर्चिनुपर्छ ।"स्थानीयहरूले ट्राफिक कार्यालयले सेवा प्रवाहमा सुधार ल्याउन र कार्यालयमा प्रहरीको नियमित उपस्थिति सुनिश्चित गर्न माग गरेका छन् ।

समग्रमा, ट्राफिक व्यवस्थापन र सेवाप्रवाह दुवैमा सुधारको आवश्यकता रहेको स्थानीयहरूको निष्कर्ष छ ।

**ब्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।**

### Invitation for Quotation

*Suwarna Rural Muncipality*
*Kawahigoth,Bara*
*Madhesh Pradesh ,Nepal*

Invitation for Bids No: **SRM/ SQ /G/2082-83/04**

Date of publication: **24th NOV 2025**

1. ***Suwarna Rural Muncipality*** invites sealed quotation for Nepalese eligible bidders for the **Adharbhut tatha Akashmik swasthya sewa ko lagi ausadhi kharid** under Sealed Quotation procedures. The estimated amount for the works is **NRs**. ***20,00,000 without VAT***
2. Eligible Bidders may obtain further information & inspect the Bidding Documents by visiting PPMO website www.bolpatra.gov.np
3. Bidder Who choose to submit their bid electronically may download the bidding documents for e-submission from ppmo's website www.bolpatra.gov.np/egp.Bidders,submitting their bid electronically,should deposit the cost of a non-refundable fee of Rs. 1000.00

   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Himalyan Bank Limited, Suwarna , kawahigoth ,bara
   Account name: Suwarna Antarik Rajaswa Khata
   Account number: 05507907200017
4. Bidding documents must be to the office( ***Suwarna Rural Muncipality,Kawahigoth,Bara)*** through PPMO website www.bolpatra.gov.np/egp on or before ***12:00 Hrs*** on ***9th Dec.2025*** . Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***14:00 Hrs. 9th Dec .2025*** at the office of ***[Suwarna Rural Muncipality,Kawahigoth,Bara]***. Bids must be valid for a period of ***45Days*** after bid opening and must be accompanied by a bid security, amounting to a minimum of *NRs. 50,000.00*, which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

## रौतहटमा राष्ट्रिय निषाद संघको प्रथम जिल्ला भेला सम्पन्न, १० सदस्यीय कार्यसमिति गठन

***दिपक चौरसिया***
***पर्सा, ०७ मंसिर***

राष्ट्रिय निषाद संघ रौतहटको प्रथम जिल्ला भेला भव्यरूपमा सम्पन्न भएको छ । संघका प्रमुख संरक्षक विजय प्रकाश निषादको प्रमुख आतिथ्यता, गरुडा नगरपालिका-३ का वडाध्यक्ष अम्बिका सहनीको सभापतित्व तथा संघका केन्द्रीय अध्यक्ष संजिता मुखिया निषादको विशेष उपस्थितिमा सम्पन्न कार्यक्रममा निषाद समुदायका प्रतिष्ठित व्यक्तित्वहरूको उल्लेखनीय सहभागिता रह्यो ।



कार्यक्रममा विशेष आमन्त्रितका रूपमा चन्दन सहनी निषाद, हरिन्द्र सहनी, मनिला सहनी, मनोज सहनी, पारस सहनी, सुरेश सहनी, दशैं सहनी, सोहराई मुखिया, सोभी सहनी, डा. परमानन्द मुखिया, कोशिला नुनिया, वडाध्यक्ष अवधेश सहनी लगायतका बुद्धिजीवी तथा समुदाय प्रतिनिधिहरूले मन्तव्य प्रस्तुत गरे। वक्ताहरूले निषाद समुदायको अधिकार, पहिचान, शिक्षा, राजनीतिक सहभागिता तथा संगठन सुदृढीकरणका विषयमा जोड दिए ।

जिल्ला भेलाले विवेकानन्द सहनीको अध्यक्षतामा १० सदस्यीय राष्ट्रिय निषाद संघ जिल्ला कार्यसमिति, रौतहट गठन गरेको छ ।

नवगठित समितिमा अध्यक्षः विवेकानन्द सहनी , उपाध्यक्षः फेकन सहनी , सचिवः सत्येन्द्र महतो नुनिया ,सह-सचिवः जगरनाथ मुखिया , कोषाध्यक्षः सुगान्धी मुखिया , सदस्यहरूः विमा मुखिया, पनिलाल महतो, तारकेश्वर सहनी, नथुनी सहनी, रामेश्वर सहनी रहेको छन् ।

जिल्ला भेलाले निषाद समुदायलाई संगठित, सशक्त र अधिकारप्राप्त बनाउने उद्देश्यसहित आगामी दिनमा विभिन्न कार्यक्रम र योजना अघि बढाइने प्रतिबद्धता व्यक्त गरेको छ ।

**विज्ञापनको लागि हामीलाई सम्झिनुहोस् ।**
**सम्पर्क नम्बर : ९८४५२२६३०५**

**तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - विश्रामपुर गाउँपालिका, बारा**

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम बिहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


## सम्पादकीय..........

# बिजुली सर्ट र आगलागी: चेतावनी र समाधान


हालैका वर्षहरुमा घर, पसल, कार्यालय र सार्वजनिक स्थानमा बिजुली सर्ट भएर आगलागी हुने घटनाहरु बढ्दै गएको तथ्यले हाम्रो ध्यानाकर्षण गराएको छ । यी घटनाले मात्र आर्थिक क्षति गर्दैन, तर मानवीय जीवनमाथि पनि ठुलो खतरा ल्याउँछ । छोटो सर्किटका कारण आगो फैलिनु प्रायः असुरक्षित तार, पुराना जडान, ओभरलोडेड सर्किट र गुणस्तरहीन उपकरण प्रयोगसँग सम्बन्धित हुन्छ । विशेषज्ञहरुले चेतावनी दिन्छन् कि धेरै घर र व्यवसायमा उचित निरीक्षणको अभाव, प्रमाणित इलेक्ट्रीशियनद्वारा जाँच नगर्नु, र सुरक्षा उपकरणको कमीले आगो फैलिन सजिलो बनाएको छ । आगलागी रोक्न पर्याप्त पूर्वतयारी नगर्नु र सजग नहुनु महँगो सावित हुन सक्छ ।

यस समस्याको समाधानका लागि केही कदम आवश्यक छन् । पहिलो, घर, कार्यालय र व्यवसायमा विद्युत जडानको नियमित निरीक्षण गरिनु पर्छ । प्रमाणित इलेक्ट्रीशियनले तार र उपकरणको अवस्था जाँच गरेर जोखिम कम गर्न सक्छ । दोस्रो, गुणस्तरहीन वा अविश्वसनीय विद्युत उपकरणको प्रयोग नगर्नु आवश्यक छ । तेस्रो, आगलागीको प्रारम्भिक अवस्थामा नियन्त्रण गर्न फायर एक्सटिङ्गुइशर, धुवाँ पत्ता लगाउने यन्त्र जस्ता सुरक्षा उपकरणको उपलब्धता अनिवार्य छ । चौथो, नागरिकहरुलाई विद्युत सुरक्षा, आकस्मिक अवस्थाबारे सचेत गराउने अभियान चलाउन आवश्यक छ ।

विद्युत सर्ट र आगलागी केवल दुर्घटना होइन, यो व्यवस्थापन र सावधानीको कमीको संकेत हो । सरकार, स्थानीय निकाय र नागरिक सबैले जिम्मेवारीपूर्वक कदम चाल्नु पर्छ । यदि सतर्कता अपनाइएन भने अनावश्यक क्षति दोहोरिने निश्चित छ ।

सुरक्षित विद्युत प्रणाली र सतर्क नागरिक नै आगलागीबाट जीवन र सम्पत्ति जोगाउने पहिलो पंक्तिमा हुन्छन् । आधुनिक युगमा यो केवल अधिकार मात्र होइन, प्रत्येक नागरिकको कर्तब्य पनि हो ।

# डिजिटल आन्दोलनका चुनौती



श्रीप्रसाद देवकोटा

डिजिटल आन्दोलनले सत्तालाई चुनौती त दिन सक्छ तर स्थायी परिवर्तन ल्याउन संगठन, योजना र निरन्तरता अपरिहार्य हुन्छ ।

२१ औं शताब्दीको सुरुआतसँगै सूचना-प्रविधिको तीव्र विस्तारले नागरिक आन्दोलनको स्वरूपलाई नै रूपान्तरण गरिदिएको छ । डिजिटल आन्दोलन नागरिकलाई अनलाइन माध्यमबाट नीतिगत तथा सामाजिक मुद्दाहरूमा आवाज उठाउने माध्यम बनेको छ । अरब स्प्रिङ, अकुपाई वाल स्ट्रेट, गेजी पार्क हुँदै नेपालको पछिल्लो जेन–जी आन्दोलनजस्ता अभियानहरूले यसको प्रभावशाली रूप देखाएका छन् ।

अरब स्प्रिङ आन्दोलन : विश्वका धेरै मुलुकमा दशकौंसम्म चलिरहेको अधिनायकवाद, बेरोजगारी, भ्रष्टाचार र स्वतन्त्रताको अभावले जनतामा सत्तावादी शासन र शासकहरूप्रति वितृष्णा बढ्दै थियो । एउटै शासक दशकौंदेखि सत्तामा थिए (जस्तै, ट्युनिसियामा जिन एल अविदिन बेन अली, इजिप्टमा मोहम्मद होस्नी एल सैयद मुबारक । युवाहरू शिक्षित भए पनि रोजगारी कुनै अवसर थिएन । प्रेस स्वतन्त्रता र राजनीतिक जनसहभागिता लगभग शून्य थियो । प्रशासनमा भ्रष्टाचार चरम थियो । अधिनायकवादी शासन सत्ताले मानव अधिकारको दमित थियो । बेरोजगारी, महँगी, भ्रष्टाचारले नागरिकहरू आजित थिए ।

यसै क्रममा १७ डिसेम्बर २०१० मा ट्युनिसियाको सिदी बौजिद सहरमा प्रहरीले बिनाअनुमति व्यापार गरेको कारण २६ वर्षीय सडक फलफूल व्यापारी मोहम्मद बुआजिजीको सामान खोसियो र अपमान ग ऱ्यो । निराश भएर उनले आफैंलाई आगो लगाएर आत्मदाह गरे । सुरुआती रूपमा स्थानीय प्रदर्शन भए पनि केही हप्तामै देशव्यापी आन्दोलन बन्यो । एक सामान्य युवाको आत्मदाहको पिडाले करोडौं जनताको आत्मा हल्लायो । उक्त घटनाले जनआक्रोश विस्फोट ग ऱ्यो, त्यहींबाट आन्दोलन सुरु भयो । युवाले सोसल मिडिया, फेसबुक, ट्विटर, युट्युबबाट भिडियो, फोटो र प्रत्यक्ष सन्देशमार्फत आन्दोलनको सन्देश अरू देशसम्म पु ऱ्याए । यसरी आन्दोलन विश्वभर फैलियो । यही आन्दोलनलाई डिजिटल युगको पहिलो जनविद्रोह अर्थात् अरब स्प्रिङ भनिन्छ । अकुपाई वाल स्ट्रेट आन्दोलन : विश्वव्यापी आर्थिक-सामाजिक विरोध आन्दोलनको रूपमा अकुपाई वाल स्ट्रेट आन्दोलनलाई लिइन्छ, जुन सन् २०११ मा सुरु भएको थियो । यसको मूल नारा थियो, हामी ९९ प्रतिशत छौं । अर्थात् धनी १ प्रतिशत र बाँकी जनसंख्याबीचको आर्थिक असमानताको विरोध । सन् २००८ को विश्वव्यापी आर्थिक संकटपछि अमेरिकामा लाखौं मानिसले रोजगारी, घर र भविष्यप्रतिको विश्वास गुमाए । तर सरकारले आमनागरिकलाई भन्दा ठूला बैंक र वित्तीय संस्थाहरूलाई मात्र सहयोग वितरण ग ऱ्यो, जसले साधारण नागरिक झनै आक्रोशित बन्न पुगे । यसै क्रममा क्यानडाको सञ्चार समूह, एडबस्टरले २०११ मा एउटा विचार सार्वजनिक ग ऱ्यो । 'वाल स्ट्रिट कब्जा गरौं' भन्ने नारा प्रतिपादन ग ऱ्यो । आन्दोलन लस एन्जलस, शिकागो, बोस्टन, सन फ्रान्सिस्को सहरहरूमा फैलियो । युवा पुस्ताले सोसल मिडिया फेसबुक, ट्विटर, युट्युबबाट सन्देश विश्वभर पु ऱ्याए । वाल स्ट्रिट कब्जा आन्दोलन आर्थिक असमानता, भ्रष्ट प्रणाली र पैसाको राजनीतिविरुद्ध जनताको डिजिटल-युगको अर्को क्रान्ति थियो ।

गेजी पार्क आन्दोलन : गेजी पार्क आन्दोलन सन् २०१३ मा इस्तानबुलको ताक्सिम स्क्वायर नजिकको गेजी पार्कबाट सुरु भएको आन्दोलन हो । जुन छोटो समयमा एक पर्यावरणीय विरोधबाट राष्ट्रिय राजनीतिक आन्दोलनको रूप लियो । गेजी पार्क इस्तानबुलको केन्द्रमा रहेको सानो हरियाली पार्क हो । सरकारले उक्त पार्क हटाएर त्यस स्थानमा सपिङ मल र ऐतिहासिक सैनिक ब्यारेकको पुनर्निर्माण गर्ने योजना बनायो ।

केही पर्यावरणवादी समर्थकले सरकारको उक्त निर्णय विरुद्धमा २०१३ मे महिनामा पार्क बचाउन सानो प्रदर्शन सुरु गरे । सुरक्षकर्मीले प्रदर्शनकारीलाई बलपूर्वक हटाए । शान्तिपूर्ण प्रदर्शनमा अत्यधिक बल प्रयोग भएपछि जनआक्रोश बढ्यो र आन्दोलनको रूप लियो । आन्दोलन अंकारा, इजमिर, अन्ताल्या हुँदै ८० भन्दा बढी सहरमा फैलियो । आन्दोलनमा मुख्यत : ट्विटरमा रेसिस्ट गेजी पार्कको ट्रेन्ड भयो ।

इनफ इज इनफ आन्दोलन : नेपालमा इनफ इज इनफ आन्दोलन सन् २०२० मा सुरु भयो । युवाप्रेरित नागरिक उक्त आन्दोलन तत्कालीन सरकारले कोभिड- १९ महामारीको व्यवस्थापनमा देखाएको लापरबाही, गैरजवाफदेहीपन र भ्रष्टाचारविरुद्ध केन्द्रित थियो । जसलाई युवाले सामाजिक सञ्जालमार्फत इनफ इज इनफ भन्ने नारा दिए– जसको अर्थ 'अब अति भयो, अब सकिँदैन' भन्ने हो । जसले नेपालमा युवाको नागरिक सचेतना, डिजिटल आन्दोलन र जनदबाबको शक्ति देखायो ।

अकुपाई बालुवाटार : महिलाको बलात्कार र प्रहरीको दुर्व्यवहारको घटनापछि नागरिक, अधिकारकर्मी र युवाहरू मिलेर प्रधानमन्त्री निवास बालुवाटार अगाडि शान्तिपूर्ण धर्ना सुरु गरे । त्यसैले नाम दिइयो, 'अकुपाई बालुवाटार' । त्यस आन्दोलन सामाजिक सञ्जाल (विशेषगरी फेसबुक र टिवटर)मार्फत फैलियो । त्यसैले यसलाई नेपालको पहिलो सामाजिक मिडिया-प्रेरित आन्दोलन पनि भनिन्छ । उक्त आन्दोलनमा कलाकार, पत्रकार, मानवअधिकारकर्मी र साधारण नागरिक सबै थिए । अकुपाई बालुवाटार शान्तिपूर्ण नागरिक आन्दोलन थियो, जसले महिला हिंसाविरुद्ध न्याय र उत्तरदायित्वको माग गर्दै राज्यलाई दबाब दिएको थियो । जेन-जी आन्दोलन : भदौ २३-२४ को जेन-जी आन्दोलन सामाजिक, राजनीतिक र आर्थिक असन्तोषको संयुक्त परिणाम हो । पुरानो राजनीतिक संस्कृतिप्रति गहिरो निराशा व्यक्त गर्दै सामाजिक सञ्जालमार्फत संगठित रूपमा प्रतिरोध जनाएको सबैभन्दा ठूलो आन्दोलन हो । भ्रष्टाचार, अनियमितता र ठूला मुद्दामा राज्यको कमजोर प्रतिक्रियाबाट विशेषगरी युवापुस्ता निराशित र आक्रोशित थियो । सरकार र राजनीतिक दलहरू युवाका मागप्रति उदासीन देखिनुले 'अब परिवर्तन चाहिन्छ' भन्ने भावना गहिरिँदै गयो । बेरोजगारी र वैदेशिक श्रम प्रवासनमा निर्भरताले जेन-जी पुस्तामा निराशा बढायो । आफ्नो श्रम, सीप र शिक्षाको मूल्यांकन नहुने अवस्थामा उनीहरूले विरोधमार्फत असन्तोष व्यक्त गरे । सामाजिक सञ्जालहरूले सूचना, भावना र प्रतिरोधलाई एकैसाथ गतिशील बनाए र छोटो समयमै ठूलो आन्दोलन भयो ।

चुनौतीहरू : सामाजिक सञ्जालले २१औं शताब्दीका आन्दोलनहरूलाई नयाँ स्वरूप दिएको छ । ट्विटर, फेसबुक र युट्युबजस्ता माध्यमले जनताको आवाज छिटो र ठूलो संख्यामा फैलाउन सहयोग गरेका छन् । नागरिकलाई सशक्त बनाउँदै राज्यको जवाफदेहीपन माग गर्ने नयाँ अभ्यासको सुरुवात गरेका छन् । यस्ता आन्दोलनहरूले सार्वजनिक नीति, न्याय र पारदर्शितासँग सम्बन्धित प्रश्नहरूलाई राष्ट्रिय बहसको केन्द्रमा ल्याएका छन् । डिजिटल आन्दोलनहरू लिडरलेस र स्वत : स्फूर्त छन् । तर ती आन्दोलनमा दीर्घकालीन संस्थागत ढाँचा वा नेतृत्व कमजोर देखिएको छ । डिजिटल आन्दोलनहरू प्राय : अस्थिर र असंगठित बनेका छन् । डिजिटल आन्दोलने जन्माएका नवीन समूहहरू र सम्भावनाहरू द्रुत विघटन भएका छन् । प्रोफेसर जेइनेप टुफेक्चीका अनुसार डिजिटल आन्दोलनहरूमा दुई भिन्न पक्ष छन्, 'सिग्नल' र 'क्षमता' । उनका अनुसार ती दुवै आवश्यक छन् तर डिजिटल युगमा प्राय : सिग्नल पक्ष बलियो देखिएको छ भने क्षमता पक्ष कमजोर । उदाहरणका लागि ट्विटरमा ट्रेन्डिङ ह्सट्याग, लाखौं मानिसको प्रदर्शन वा भाइरल भिडियोहरू सिग्नल हुन् । तर सिग्नल मात्रले दीर्घकालीन परिणाम ल्याउन सक्दैन । टुफेक्चीका अनुसार 'क्षमता'ले आन्दोलनको संगठनात्मक बल, रणनीति, नेतृत्व र दीर्घकालीन प्रतिबद्धता जनाउँछ । क्षमताले मात्र सुधार र संस्थागत परिवर्तन सम्भव बनाउँछ ।

अत : विश्वभरका पछिल्ला डिजिटल आन्दोलनहरू प्राय : 'सिग्नल'मा सफल र 'क्षमता'मा कमजोर देखिएका छन् । जेन-जी आन्दोलनले नेपालमा केही महत्त्वपूर्ण परिवर्तन ल्याएको छ । राजनीतिक जागरण बढेको छ, दलभन्दा मुद्दालाई प्राथमिकता दिन थालिएको छ । पुरानो नेतृत्वको अलोकप्रियता र गैरजिम्मेवारीपनलाई प्रश्न गर्ने संस्कृतिको विकास भएको छ । यद्यपि संगठनात्मक कमजोरी, नेतृत्व अभाव, सतही अनलाइन सहभागिता, गलत सूचना, उपलब्धिको हाइज्याक र डिजिटल ध्रुवीकरणले आन्दोलनप्रति नै प्रश्न खडा हुन थालेको छ । जेन–जी आन्दोलनले आवाज उठाउन मद्दत गरे पनि नेतृत्व, संगठन, स्पष्ट रणनीति र दीर्घकालीन योजना नभएकाले मुलुकले झन् संकट झेल्दै छ ।

अर्कोतर्फ, जेन-जीको ऊर्जा भौतिक आन्दोलन वा दीर्घकालीन नीति दबाबमा परिणत हुन नसक्दा परिवर्तन अस्थायी बन्ने खतरा बढेको छ । त्यसैले डिजिटल आन्दोलनहरू 'स्ट्रक्चरलेस प्रोटेस्ट'हरूको माध्यममात्र बनेका छन्, 'आवाज बलियो तर आधार कमजोर ।' प्राध्यापक क्यास आर सनस्टिनले सामाजिक सञ्जालका एल्गोरिदमले प्रयोगकर्तालाई 'इको चेम्बर' बनाएको कारण अभियानकर्ता बीचमै विचारको विभाजन, भ्रम र अविश्वास बढेको बताउँछन् । सनस्टिनका अनुसार एल्गोरिदमले प्रसारण गरेका गलत सूचना, ध्रुवीकरण र नियन्त्रणले आन्दोलन कमजोर र विश्वसनीयता गुम्दै जाने हुन्छ ।

डिजिटल आन्दोलनहरूमा संगठन र दीर्घकालीन रणनीतिक योजनाको अभाव देखिएको छ । दोस्रो, सतही सहभागिता जसमा मानिसले लाइक वा सेयर गरेर मात्रै सक्रियता देखाउँछन् । जसको सडकमा नगण्य उपस्थिति देखिन्छ । यसले आन्दोलनको वास्तविक शक्ति घटाउँछ । अत डिजिटल आन्दोलनहरू 'मोबिलाइजेसनमा सफल तर संस्थागत रूपान्तरणमा कमजोर' छन् । यसको अर्थ, अनलाइन अभियानहरूले समाजमा चेतना र बहसको लहर त ल्याउँछन् तर ठोस नीतिगत परिवर्तन गर्न अझै चुनौतीपूर्ण छ ।

अन्त्यमा : सामाजिक सञ्जालले आन्दोलनलाई देखिने (भिजिवल) बनाउँछ तर परिवर्तनकारी बनाउँदैन । डिजिटल आन्दोलनले सत्तालाई चुनौती त दिन सक्छ तर स्थायी परिवर्तन ल्याउन संगठन, योजना र निरन्तरता अपरिहार्य हुन्छ । यसर्थ, वास्तविक परिवर्तन र दीर्घकालीन परिणामका लागि अनलाइन उत्साहसँगै अफलाइन संगठन, प्रशिक्षण र नीति-संवादको संयोजन आवश्यक छ । भविष्यका आन्दोलनहरू त्यही हुनेछन्, जसले सिग्नलको उज्यालो र क्षमताको आधार दुवै मिलाएर स्थायी परिवर्तन ल्याउँछन् ।




## अन्तराष्ट्रिय समाचार

# युक्रेन र अमेरिकाको वार्ता स्वीट्जरल्याण्डमाः ट्रम्पको योजना के छ ?



***किएभ*** – युक्रेनी र अमेरिकी अधिकारीहरू रूससँगको युद्ध अन्त्य गर्ने वाशिङ्गटनको योजनाबारे छलफल गर्न छिट्टै स्विट्जरल्याण्डमा भेला हुने योजना तय भएको किएभले शनिबार बताएको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युक्रेनलाई करिब चार वर्षे द्वन्द्व अन्त्य गर्ने २८ बुँदे योजनालाई अनुमोदन गर्न एक हप्ताभन्दा कम समय दिएका छन् । प्रस्तावमा आक्रमणकारी देशले युक्रेनी क्षेत्र छोड्ने, सेना कटौती गर्ने र नेटोमा कहिल्यै सामेल नहुने प्रतिज्ञा गर्ने उल्लेख छ ।

यसैबीच, सम्झौताको मस्यौदामा समावेश नभएका युक्रेनका युरोपेली सहयोगीले यो योजना पूर्ण नभएको र 'थप अभ्यास' आवश्यक भएको बताएका छन् । उनीहरूले दक्षिण अफ्रिकामा जी २० शिखर सम्मेलनमा किएभको स्थिति बलियो बनाउन वैकल्पिक प्रस्तावको ल्याउन छलफल गरिरहेका छन् ।

"आगामी दिनहरूमा, युद्ध अन्त्यका लागि आवश्यक कदमहरूको बारेमा साझेदारसँग परामर्श हुनेछ", राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले भनेका छन्, "वार्ताका लागि युक्रेनको टोलीलाई सुझाव दिइने र वार्ताको नेतृत्व एन्ड्री येरमाकले गर्नुहुनेछ ।" एन्ड्री येरमाकले राष्ट्रपति जेलेन्स्कीका लागि शीर्ष सहयोगीका रूसमा काम गर्दै आएका छन् ।

जेलेन्स्कीले अमेरिकी प्रस्तावबारे विमति राख्दै भनेका छन्, "युक्रेनको राष्ट्रिय हितको रक्षा कसरी गर्ने र रूसलाई तेस्रो आक्रमण गर्नबाट रोक्न के आवश्यक छ भन्ने विषय हाम्रा प्रतिनिधिलाई थाहा छ ।"

फ्रान्स, बेलायत र जर्मनीका सुरक्षा अधिकारीहरु पनि आइतबार बिहान जेनेभामा हुने वार्तामा सहभागी हुने जी-२० शिखर सम्मेलनमा सहभागी स्रोतहरुले जनाएका छन् ।

युक्रेनका सुरक्षा परिषद्का सचिव रुस्तम उमेरोभले यसअघि पनि छलफलका लागि स्विट्जरल्यान्डलाई स्थान दिने सङ्केत गरेका थिए ।

उनले यसअघि टर्कीमा रूससँग केही चरणको वार्ताको नेतृत्व गरेका थिए । जसले कैदीहरूको आदान-प्रदान र मृतक सैनिक तथा नागरिकको अवशेष स्वदेश फिर्ता गर्ने सहमति गरेको थियो । जेलेन्स्कीको आदेशमा वार्तामा 'रूसी सङ्घका प्रतिनिधिहरू' पनि समावेश हुनेछन् । रुस वार्तामा सहभागी हुने वा नहुने भन्ने विषयमा तत्काल कुनै पुष्टि भएको छैन ।

### अमेरिकी योजनामा थप कार्य आवश्यक भएको नेताको भनाइ

जी-२० शिखर सम्मेलनका लागि दक्षिण अफ्रिकामा भेला भएका पश्चिमा नेताहरूले शनिबार युक्रेनमा युद्ध अन्त्य गर्ने अमेरिकी एकपक्षीय योजनामा 'थप काम गर्नुपर्ने बिषय' भएको बताएका छन् ।

प्रमुख युरोपेली देशहरू साथै क्यानाडा र जापानका नेताहरूले शनिबार जारी गरेको संयुक्त विज्ञप्तिमा भनिएको छ, "बलपूर्वक सीमा परिवर्तन गर्नु हुँदैन भन्ने सिद्धान्तमा हामी स्पष्ट छौँ । हामी युक्रेनलाई भविष्यमा आक्रमणको जोखिममा पार्ने युक्रेनको सशस्त्र बलमा प्रस्तावित सीमितताबाट पनि चिन्तित छौँ ।"

फ्रान्सका इम्यानुएल म्याक्रोँले यसअघि सम्मेलनमा एक गम्भीर सन्देश दिँदै भनेका थिए, "जी-२० एक चक्रको अन्त्यमा आउँदैछ ।"

युक्रेन युद्धको समाधानका लागि अमेरिकी एकपक्षीय योजनालाई सङ्केत गर्दै समूह विश्वभरका ठूला सङ्कटहरू समाधान गर्न सङ्घर्ष गरिरहेको छ ।

अमेरिकी राष्ट्रपतिका रूपमा ट्रम्प पुनः सपथ लिएसँगै युक्रेनमा अमेरिकी प्रायोजन कम भएपछि युक्रेनलाई महत्त्वपूर्ण सैन्य र वित्तीय सहयोग प्रदान गर्दै बेलायत, जर्मनी र फ्रान्स युक्रेनको प्रमुख समर्थकको रूपमा देखा परेका छन् ।

### ट्रम्पको प्रस्तावको विकल्प खोज्दै जेलेन्स्की

जेलेन्स्कीले शुक्रबार राष्ट्रका नाममा सम्बोधन गर्दै युक्रेनले आफ्नो इतिहासको सबैभन्दा चुनौतीपूर्ण क्षणको सामना गरिरहेको बताउँदै ट्रम्पको प्रस्तावको विकल्प प्रस्ताव गर्ने बताएका छन् ।

वाशिङ्गटनसँगको सहकार्यको सम्भावित अन्त्यलाई सङ्केत गर्दै राष्ट्रपति जेलेन्स्कीले शुक्रबार राष्ट्रको नाममा गरेको आफ्नो सम्बोधनमा भनेका छन्, "युक्रेनमा दबाब सबैभन्दा कठिन छ । युक्रेनले धेरै कठिन विकल्पको सामना गर्न सक्छ । देशले आफ्नो गरिमाको हानि व्यहोर्नुपर्न सक्छ वा एक प्रमुख साझेदार गुमाउने जोखिम आउनसक्छ ।" रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले भनेका छन्, "प्रस्तावित योजनाले शान्ति समाधानको लागि अन्तिम 'आधार तय गर्न सक्छ ।"

यदि युक्रेन वार्ताबाट पछि हट्यो भने थप भूमि जफत गरिने चेतावनी रुसले दिएको छ ।

राम्रो सुसज्जित र सङ्ख्यामा ठूलो रूसी सेना बिस्तारै लगातार लामो समयदेखि युक्रेनी सीमा क्षेत्रमा फैलिँदै गएको छ । मस्कोले ऊर्जा पूर्वाधारमाथि बिरूद्ध क्रूर बमबारी अभियान चलाएपछि युक्रेनीहरूले युद्ध सुरु भएदेखि सबैभन्दा कठिन जाडोको सामना गरिरहेका छन् । रासस/एएफपी

## यादवको......

कांग्रेसको साथ छोड्दै लोसपाका सांसद जितेन्द्र सोनलको नेतृत्वमा बन्ने सरकारमा सहभागी हुने भएपछि यादव बिच्किएका थिए ।

एमालेका संसदीय दलका नेता यादवले आफूचाहिँ मुख्यमन्त्री बन्ने इच्छा राखेका थिएनन् । तर, सोनलले विश्वासको मत नपाउने अवस्थामा राजीनामा गरेपछि यादवले ओली सरकारको पालामा नियुक्त भएकी प्रदेश प्रमुख भण्डारीमाथि दबाब बढाएर संविधानको धारा १६८ को ३ बमोजिम सबैभन्दा ठूलो दलको हैसियतमा बर्दिवासको पानस कटेजमा झिसमिसैमा मुख्यमन्त्री पदको शपथ लिएका थिए ।

यादवको हर्कतले एमालेसँग सहयात्रा गरिरहेको कांग्रेस त बिच्कियो नै एमालेभित्र पनि असन्तुष्टि चुलिएको छ । यादव मुख्यमन्त्री बनेपछि मधेश प्रदेशका दुई ठूला पद प्रदेश प्रमुख भण्डारी र सभामुख रामचन्द्र मण्डलको पद गुमेको छ ।

पछिल्लो राजनीतिक घटनाक्रमले संघीयतामा पनि प्रश्न उठ्न थालेको भन्दै मधेशमा ठूलो दल रहेको एमालेलाई नोक्सानी हुने टिप्पणी गर्न थालिएको छ । 'एमालेप्रति मधेशमा आक्रोश देखिएको छ,' विश्लेषक हेमन्त कर्णले भने,'बाराको सिमरा घटनाले त्यही संकेत गरेको छ । पुरानो मानसिकता नफेरेसम्म एमालेलाई मधेशमा समस्या भइरहन्छ ।'

तर, मुख्यमन्त्री एवं एमाले दलका नेता यादव भने जनतासँगको सम्बन्ध झन् झांगिएको बताउँछन् । 'एमालेको कारण सोनलको सरकार ढलेको त होइन नि,' उनले भने, 'सोनलको सरकार उहाँहरुकै कारण ढलेको हो, मेरो नेतृत्वको सरकार उहाँहरुकै कारण बनेको हो । यसले एमालेको गरिमा, सम्बन्ध र जनतासँग जोड्नुभएन । उहिले जनतासँगको सम्बन्ध झन् सुध्रिएको छ ।'

एमालेका प्रमुख सचेतक हरिनारायण महतोले होटलमा झिसमिसेमा मुख्यमन्त्री नियुक्त भएर शपथग्रहण गरेको घटना अस्वाभाविक रहेको बताए । 'पार्टीभित्र सरसल्लाह नै गरी अस्वाभाविक निर्णयमा पुग्नु हुँदैनथ्यो,' एमाले सांसद महतोले भने, 'पार्टीभित्र यस मामिलामा हामी गम्भीर छलफल गरिरहेका छौं ।' सँम्भारः कान्तिपुर

## प्रतिनिधिसभा निर्वाचनका लागि ५६ दल दर्ता, राष्ट्रियसभाका लागि १३ दल




***काठमाडौं, ०७ मंसिर***

प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आइतबार साँझ साढे ५ बजेसम्म ५६ वटा दल दर्ता भएका छन् । निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार प्रतिनिधिसभाका लागि ५६ र राष्ट्रियसभा निर्वाचनका लागि १३ वटा दल दर्ता भएका हुन् । प्रतिनिधिसभाको फागुन २१ र राष्ट्रियसभाको निर्वाचन माघ ११ गतेलाई तोकिएको छ । आयोगले राष्ट्रियसभा सदस्य निर्वाचनका लागि दल अद्यावधिक गर्ने समय मङ्सिर ७ गतेसम्मलाई तोकेको छ भने प्रतिनिधिसभाका लागि मङ्सिर १० गतेसम्म तोकेको छ ।


## ईशनाथ नगरपालिकाद्वारा जनहितमा जारी सन्देश

- नगरपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर  मालपोत दस्तुर ब्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र ब्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन सहिता नगरपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संर क्षणमा नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित ब्यवस्थापन गरि सफा र सुन्दर नगरपालिका बनाउन सहयोग गरौं ।

ईशनाथ नगरपालिकाको कार्यालय, औरैया, रौतहट

## जनहितमा जारी सन्देश

- घरेलु हिंसा, बलात्कार, कुटपिट, बोक्सी आरोपमा गाउँ निकाला, दाइजो प्रथा, बहुविवाह, बालविवाह, जबरजस्ती करणी र अन्य मानसिक तथा शारिरिक यातना, अपहेलना र धम्क्याउनेदेखि जिस्क्याउने कार्य सामाजिक तथा कानूनी अपराध हुन्।
- कोही कसैबाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधी, न्यायिक समिति तथा प्रहरीमा खबर गरौं ।
- लैङ्गिक हिंसा विरुद्धको अभियान सफल पारौं ।

ठोरी गाउँपालिका
घ्याङडाँडा, पर्सा

## जनचेतनामुलक सन्देश

सामाजिक सञ्जालको दुरुपयोगबारे सचेत रहौं ।
आफुले प्रयोग गर्ने मोवाईल, कम्प्युटरजस्ता विधुतीय उपकरण सधै लगआउट गरौं ।
अरुलाई आफ्नो एकाउण्टको पासवर्ड थाहा नदिउँ ।
साथीभाई वा अन्यको फोटो तथा भिडियो खिच्नु अघि र सामाजिक सञ्जालमा राख्नु अघि र अनुमति लिऔं ।
अपरिचित व्यक्तिको साथी बन्ने प्रस्ताव आए अस्वीकार गरौ ।
सामाजिक सञ्जालमै चिनेको भरमा बोलाएको ठाउँमा भेट्न नजाउँ ।
सामाजिक जिवनमा गर्न नमिल्ने काम तथा व्यवहार सामाजिक सञ्जालमा नगरौ ।
सामाजिक सञ्जालमा देखिएका भ्रामक, आधिकारिकता नभएका सूचना सन्देश, फोटो तथा भिडियो शेयर नगरौ ।
कसैको मर्यादा, प्रतिष्ठा तथा सम्मानमा आँच आउने खालका सूचना तथा सन्देश पोष्ट वा शेयर नगरौ ।
शंकास्पद तथा अशोभनीय सन्देश प्राप्त भए प्रतिपाद गरौ र रेकर्डको लागि सुरक्षित राखौ ।
सामाजिक सञ्जालको उपयोगमा सचेत बनौ र त्यसबाट हुनसक्ने अपराधिक कियाकलाप नियन्त्रण गरौ ।

देवताल गाउँपालिका
पिप्राढीगोठ, बारा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - देवताल गाउँपालिका, बारा

# गढीमाई-२ मा जन्मदर्ता र नागरिकता सम्बन्धी कानुनी जानकारीमूलक कार्यक्रम सम्पन्न

*भाग्य नारायण तिवारी*
*रौतहट, ०७ मंसिर*

गढीमाई नगरपालिका-२ मा जन्मदर्ता तथा नागरिकता सम्बन्धी कानुनी जानकारी विषयक जनचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रम वडा अध्यक्ष दिपेन्द्र श्रेष्ठको अध्यक्षतामा सम्पन्न गरिएको हो। वडा नं. २ का स्थानीय बासिन्दाहरूलाई एकत्रित गरी आयोजित कार्यक्रममा नागरिकको कानुनी पहिचान, जन्मदर्ता, नागरिकता प्राप्ति तथा त्यससम्बन्धी विद्यमान कानुनी व्यवस्था बारे विस्तृत जानकारी गराइयो। कार्यक्रममा सहभागी स्थानीयहरूलाई आवश्यक कागजात, प्रक्रिया, नागरिकताको प्रकार तथा समयमै जन्मदर्ता नगर्दा पर्न सक्ने समस्या बारे सचेत गराउँदै, कानुनी रूपमा अब्बल र अभिलेखमा




अद्यावधिक हुनु नागरिकका लागि अपरिहार्य रहेको भन्दै सतर्कता अपनाउन आग्रह गरिएको थियो। वडा कार्यालयका प्रतिनिधिहरूका अनुसार यस्ता कार्यक्रमहरूले स्थानीय स्तरमा कानुनी सचेतना विस्तार गर्न महत्वपूर्ण भूमिका खेलेका छन्। आगामी दिनमा पनि यस किसिमका सूचनामूलक कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरिएको छ।

# पर्सा स्वास्थ्य कार्यालयले मधेस प्रदेशमा लगातार चार वर्षसम्म पहिलो स्थान प्राप्त

*पर्सा, ०७ मंसिर*

मधेस प्रदेशमा स्वास्थ्य कार्यालय पर्साले लगातार चार वर्षसम्म उत्कृष्टताको मान्यता कायम गर्दै पहिलो स्थान हासिल गरेको छ। प्रदेश सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आर्थिक वर्ष २०७८/७९ देखि २०८१/८२ सम्मका लागि प्रदेशका ८ जिल्लाका स्वास्थ्य कार्यालयहरूको वार्षिक कार्यसम्पादन मूल्यांकन गर्दै आएको छ, जसमा पर्साले निरन्तर प्रथम स्थान राखेको हो।

आर्थिक वर्ष २०८१/८२ को मूल्यांकनमा स्वास्थ्य कार्यालय पर्साले ८७ अंक प्राप्त गर्दै पुनः प्रथम स्थान सुरक्षित गरेको मन्त्रालयले जनाएको छ। सोही मूल्यांकनमा स्वास्थ्य कार्यालय सर्लाही दोस्रो र महोत्तरी तेस्रो स्थानमा रहेका छन्।

मूल्यांकनमा प्रदेशभर रहेका ८ वटा जिल्ला स्वास्थ्य कार्यालय, ११ वटा प्रादेशिक अस्पताल तथा एक स्वास्थ्य



विज्ञान प्रतिष्ठानलाई समेटिएको थियो। मूल्यांकनका लागि मन्त्रालयस्तरीय समिति गठन गरिएको थियो।

आइतबार जनकपुरमा आयोजित प्रदेशस्तरीय वार्षिक समीक्षात्मक गोष्ठीमा मुख्यमन्त्री सरोजकुमार यादवले स्वास्थ्य कार्यालय पर्साका निमित्त प्रमुख विनोद झालाई प्रमाणपत्रसहित सम्मान गरे।

जनस्वास्थ्य अधिकृत जयमोद ठाकुरका अनुसार सेवा प्रवाह, सेवाग्राहीको सन्तुष्टि लगायतका सूचकका आधारमा स्वास्थ्य कार्यालय पर्सा लगातार चार वर्षदेखि प्रदेशकै उत्कृष्ट कार्यालय बन्न सफल भएको छ।

यस उपलब्धिले पर्साको स्वास्थ्य सेवामा गुणस्तरीय सुधार र जनसन्तुष्टि सुनिश्चित गर्ने दिशामा महत्वपूर्ण योगदान गरेको मन्त्रालयको मूल्यांकन छ।

# बज्जिका साहित्यकार विजय यादव 'निर्विज' अन्तर्राष्ट्रिय सम्मानबाट सम्मानित

*सर्लाही, ७ मंसिर*

बज्जिका भाषाका प्रखर साहित्यकार विजय यादव 'निर्विज' लाई कवि सदानन्द अन्तर्राष्ट्रिय बज्जिका सेवी सम्मान-२०८२ बाट सम्मानित गरिएको छ।

सर्लाही मलंगवामा आयोजित कार्यक्रममा प्रमुख अतिथि जिल्ला समन्वय समिति सर्लाहीका सभापति कौशल किशोर सिंह तथा बज्जिका साहित्य समाज सर्लाहीका अध्यक्ष रामचन्द्र महतो कुशवाहा ले उनलाई सम्मान-पत्र प्रदान गरे।

नेपालकै पहिलो बज्जिका उपन्यास 'प्रतिमा' का लेखक निर्विजले अभिनयमा स्नातक र राजनीतिशास्त्रमा स्नातकोत्तर अध्ययन गरेका छन्। उनका अनुसार, उपन्यास २०७९ सालको मधानी महोत्सव मा नेपालका पूर्व उपराष्ट्रपति नन्द बहादुर पुनले विमोचन गरेका थिए। निर्विज फतुवा-विजयपुर नगरपालिकामा मेयर पदका निकटतम प्रतिस्पर्धी रहिसकेका छन् र हाल आम जनता पार्टी, लुम्बिनी प्रदेश अध्यक्ष का रूपमा सक्रिय छन्।

समारोहमा नेपाल-भारतका साहित्यकार र संगीतकर्मीहरूलाई पनि सम्मान गरिएको थियो। रौतहटका साहित्यकार संजय साह मित्रलाई ५० हजार रुपैयाँ




पुरस्कार प्रदान गरिएको सचिव मुकेश मिश्रले जानकारी दिए।

कार्यक्रममा साहित्यकार, पत्रकार र समाजसेवीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो। यस सम्मानले बज्जिका साहित्यको प्रचार-प्रसार र मान्यता बढाउने महत्वपूर्ण योगदान पुऱ्याएको आयोजकहरूले बताए।

# पुर्व उपप्रधानमन्त्री उपेन्द्र यादवद्वारा निर्वाचनको वातावरण नबनेकोमा चिन्ता व्यक्त : कांग्रेस-कम्युनिस्टको आलोचना

*शु. आ. सम्वाददाता*
*रौतहट, ०७ मंसिर*

पूर्व उपप्रधानमन्त्री तथा जनता समाजवादी पार्टी नेपालका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादवले वर्तमान सरकारले आगामी फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधिसभा सदस्यको निर्वाचनको वातावरण अझै बनाउन नसकेको भन्दै गम्भीर आशंका व्यक्त गरेका छन्।



जनता समाजवादी पार्टी नेपाल जिल्ला कार्य समिति रौतहटले दुर्गाभगवती गाउँपालिका-४ मा आज आयोजना गरेको पार्टी प्रवेश तथा भेलालाई सम्बोधन गर्दै अध्यक्ष यादवले आम मतदाताले निर्धक्क भएर मतदान स्थल पुगेर मत खसाल्ने वातावरण सरकारले सिर्जना गर्न नसकेको टिप्पणी गरे।

अध्यक्ष यादवले निर्वाचनको सुरक्षामा खटिने प्रहरीको मनोबल गिराउने काम सरकारले गरेको आरोप लगाए। उनले भने, "निर्वाचनमा सुरक्षा दिने प्रहरी नै हो, तर त्यही प्रहरीको मनोबल गिराइयो भने निर्वाचनमा सुरक्षा कसरी सुनिश्चित हुन्छ?"

सरकारले सेना परिचालन गरेर भए पनि चुनाव गराउँछु भन्ने मन्तव्यलाई उनले अलोकतान्त्रिक भनेर कडा आलोचना गरे। उनले थपे, "लोकतन्त्रमा सेना परिचालन गरेर चुनाव गरिँदैन, विश्वका कुनै पनि लोकतान्त्रिक देशमा सेना परिचालन गरेर चुनाव भएको देखिँदैन।" यादवले सेना परिचालन गरेर चुनाव गराउने सोच नै गलत भएको र यो कदम संविधान तथा लोकतान्त्रिक मूल्य-मान्यतासँग मेल नखाने दावी गरे।

यादवले नेपालमा बहुदलीय व्यवस्था लागू भएको ३५ वर्ष बितिसक्दा पनि कांग्रेस र कम्युनिस्टले निरन्तर सरकारको नेतृत्व गरे पनि देशको मुहार परिवर्तन गर्न नसकेको भन्दै तीव्र आक्रोश व्यक्त गरे। उनले यी दलहरूलाई देशमा भ्रष्टाचार र लुटतन्त्र बाहेक केही नगरेको आरोप लगाए। जेनजी आन्दोलनको कारण: उनले कांग्रेस र कम्युनिस्टको चरम लुटखसोट र भ्रष्टाचारका कारण नै देशमा जेनजी आन्दोलन भएको स्पष्ट पारे। ३५ वर्षको अवधिमा भूटान जस्तो देश गरीबबाट धनी, अर्थात् विकसित बने पनि नेपाललाई यिनै दलहरूले झन् गरीब बनाएको उनको भनाइ थियो। रुउनले कांग्रेस र कम्युनिस्टका कारण नै देशमा चरम गरीबी, अशिक्षा र बेरोजगारी बढेको आरोप लगाए।

यादवले ३५ वर्षमा देश बनाउन नसकेको कांग्रेस-कम्युनिस्टले अब कहिल्यै देश बनाउन नसक्ने दाबी गर्दै आगामी निर्वाचनमा यी दललाई सबै मिलेर पराजित गर्नुपर्ने आवश्यकता औंल्याए। उनले आगामी प्रतिनिधिसभा निर्वाचनलाई देशको भविष्य परिवर्तन गर्ने महत्वपूर्ण मोड को रूपमा व्याख्या गर्दै जनतालाई एकजुट भएर कांग्रेस र कम्युनिस्ट गठबन्धनलाई पराजित गर्न आग्रह गरे।

अध्यक्ष यादवले जसपालाई वैकल्पिक राजनीतिक शक्तिको रूपमा प्रस्तुत गर्दै देशको आर्थिक, सामाजिक र राजनीतिक रूपान्तरण आफूहरूले गर्न सक्ने दाबी गरे।

जसपा नेपाल रौतहटले आयोजना गरेको यस कार्यक्रममा ठूलो संख्यामा अन्य दलका नेता-कार्यकर्ता जसपामा प्रवेश गरेका छन्। तत्कालीन नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनमत, कांग्रेस, एमालेलगायत दल परित्याग गरी करिब ५ सय नेता-कार्यकर्ताले जसपा नेपालमा प्रवेश गरेको बताइएको छ। रुयमनामई गाउँपालिका, माधवनारायण नगरपालिका, राजदेवी नगरपालिका, बैधिमाई नगरपालिका लगायत विभिन्न पालिकाबाट आएका नवप्रवेशीहरूलाई अध्यक्ष उपेन्द्र यादवले टीका-माला लगाएर पार्टीमा स्वागत गरेका थिए। रुपार्टीले रौतहटमा जसपा नेपालको विस्तार तीव्र गतिमा भइरहेको दाबी गरेको छ। निर्वाचन नजिकिँदै गर्दा भएको यस ठूलो प्रवेशले रौतहटको आगामी राजनीतिक समीकरणमा जसपाले महत्वपूर्ण प्रभाव पार्ने विश्लेषण गरिएको छ।

जसपा नेपाल रौतहटका अध्यक्ष राजीव रंजनको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पार्टीका केन्द्रीय उपाध्यक्ष गोबिन्द चौधरी, केन्द्रीय सदस्य एवं मधेश प्रदेशका पूर्व कृषि राज्य मन्त्री योगेन्द्र राय यादव, पूर्व मन्त्री शेख फूलबाबू, राष्ट्रियसभा सदस्य पूजा चौधरी लगायतका नेताहरूको सहभागिता रहेको थियो।

# यादवको हठले मधेशमा एक्लिँदै एमाले

*जनकपुर, ०७ मंसिर*



मधेश प्रदेशका तत्कालीन मुख्यमन्त्री सतिशकुमार सिंहको नेतृत्वमा सरकार बन्दा एमालेको भागमा चार मन्त्रालय परेको थियो। जसको नेतृत्व एमाले संसदीय दलका नेता सरोजकुमार यादव (महोत्तरी) ले नै लिएका थिए।

जनमत पार्टीका सिंहलाई ०८१ असार २२ मा विश्वासको मत दिनेमा एमाले पनि थियो। मुख्यमन्त्री सिंहको उपस्थितिमा यादवले तत्कालीन प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीसँग शपथग्रहण गरे। गृह तथा सञ्चार मन्त्रालयको कार्यभार सम्हाल्दै यादवले सुराकीबापत लिइने रकममा रोक पनि लगाए।

पालैपालो भौतिक पूर्वाधार तथा विकास, गृह तथा सञ्चार, खेलकुद तथा समाजकल्याण र स्वाथ्य मन्त्रालयको जिम्मेवारी पनि आफैँसँग राखेकाले एमालेमा किचलो बढेको थियो। मन्त्रीको नाम टुंग्याउन एमालेमा सकस भइरहेका बेला संसदीय दलका नेता रहेका यादवले आफ्नो दलको भागमा परेका चारवटै मन्त्रालय नियन्त्रणमा राखेको भन्दै त्यतिबेला एमाले मधेश प्रदेशमा विवाद भएको थियो। शीर्ष नेताले मन्त्रीको नाम टुंग्याएपछि बल्ल उनले भौतिक पूर्वाधार तथा विकास मन्त्रालय आफूसँग राखेर अरु मन्त्रालय छाडेका थिए।

'महत्वपूर्ण विषयमा पनि दलका नेता यादवले आफूखुशी नै निर्णय लिनुहुन्छ,' एमालेका असन्तुष्ट एक प्रदेश सांसदले भने, 'उहाँ केन्द्रमा पनि धेरै नेतासँग सरसल्लाह गर्नुहुन्न। महासचिव शंकर पोखरेलको सल्लाहमा नै हिँड्नुहुन्छ।'

ती सांसदका अनुसार मधेश प्रदेशको संसदीय दलको नेता पनि शीर्ष नेताको 'आशीर्वाद'ले नै बनेका हुन्। चुनावले होइन।

यसअघि, २०७९ पुस २७ गते जसपा नेपालका मधेश प्रदेशका संसदीय दलका नेता सरोजकुमार यादव (बारा) को नेतृत्वमा बनेको सरकारमा पनि एमालेका संसदीय दलका नेता भौतिक पूर्वाधार तथा विकासमन्त्री बने। एमालेलाई मधेश प्रदेश सरकारमा सहभागी हुने अवसर आउँदा मन्त्री बन्न यादव नै हतारिने गरेकामा असन्तुष्टि चुलिएको छ।

जेन-जी आन्दोलनपछि जनमत पार्टीका मुख्यमन्त्री सतिशकुमार सिंहले सामाजिक सञ्जालमा मात्र राजीनामा घोषणा गरेको र पछि 'संघीय लोकतान्त्रिक संविधान'को रक्षाका लागि आफ्नो नेतृत्वको सरकार रहिरहने अडानमा एमालेका संसदीय दलका नेता यादवको पनि भरथेग थियो।

सिंहको आफ्नै दल जनमत पार्टीले मुख्यमन्त्री पदबाट राजीनामा गर्न पटक-पटक पत्र काटे। तर, सिंह आफ्नै दलसित बगावतमा उत्रिनुमा एमाले-कांग्रेसको धाप नै थियो। मुख्यमन्त्री सिंहको नेतृत्वको मधेश प्रदेश सरकारले आर्थिक वर्ष ०८२/०८३ मा एमालेका संसदीय दलका नेता यादवले सम्हालिरहेका भौतिक पूर्वाधार तथा विकास मन्त्रालयलाई करिब १७ अर्ब रुपैयाँको बजेट विनियोजन गरिदियो।

अरु मन्त्रालयभन्दा झन्डै चार तिहाइ बढी बजेट राखिएको भौतिक पूर्वाधार तथा विकास मन्त्रालय यादव गुमाउन चाहँदैनथे।

एमाले, कांग्रेस, जनमत र लोसपाको समर्थनमा सिंहको नेतृत्वमा बनेको सरकार आलोपालो गर्ने सहमति दलबीच थियो। गत जेठमा भौतिक पूर्वाधार मन्त्रालयले आयोजना गरेको पत्रकार सम्मेलनमा 'आलोपालो गर्दा एमालेको पालो आएन र ?' सञ्चारकर्मीको प्रश्नमा यादवले भनेका थिए,'उपयुक्त समय आइसकेको छैन।'

सिंह सरकारको बर्हिगमन हुँदा करिब १७ अर्ब बजेट रहेको मन्त्रालय गुम्ने चिन्तामा यादव भने अन्तिम समयसम्म कि सिंहकै सरकारको निरन्तरता वा कांग्रेसको नेतृत्वमा सरकार बनाएर फेरि भौतिक पूर्वाधार मन्त्रालय नै सम्हाल्ने रणनीतिमा थिए। तर, अन्तिम समयमा जनमत पार्टी एमाले-

बाँकी तेस्रो पृष्ठमा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ। - सुवर्ण गाउँपालिका, बारा